चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः१ सङ्ख्याः८ मितिः २०७५/०९/१३

**भाग - २**

# चिचिला गाँउपालिकाको आकष्मिक कोष संञ्चालन तथा व्यवस्थापन कार्यविधी–२०७५

चिचिला गाँउपालिका

प्रस्तावनाः आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धि स्थानीय तहमा कानुन बनाउन वाञ्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम तथा चिचिलागाँउपालीकाको प्रमुख प्रशासकिय कार्यविधी नियमित गर्ने ऐन २०७५ को दफा ३ बमोजिम यस चिचिलागाँउकार्यपालीकाले यो कार्यविधी बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधीको नाम "चिचिलागाँउपालीका आकस्मिक कोष सञ्चालन कार्यविधी, २०७५" रहेको छ।

(२) यो कार्यविधी तुरुन्त लागु हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

क. " आकस्मिक कार्य" भन्नाले भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थीमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्दछ।

ख. "कार्यपालिका" भन्नाले चिचिलागाँउकार्यपालिका सम्झनु पर्दछ।

ग. "गाँउसभा" भन्नाले चिचिलागाँउ सभा सम्झनु पर्दछ।

घ. " प्रमुख" भन्नाले गाँउकार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ङ. "उपप्रमुख" भन्नाले गाँउ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाँउ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

३. स्थानीय तह आकस्मिक कोषको स्थापनाः स्थानीय तह आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४. स्थानीय तह आकस्मिक कोषमा जम्मा गरिने रकमःगाँउसभाले पहिलो पटक रुपैंया विनियोजन ऐनमा नै समावेश गरी प्रथम पटकको लागि रकम जम्मा गरिनेछ।

चिचिला गाँउपालिका

५. स्थानीय तह आकस्मिक कोषको रकम थप गर्नेः आकस्मिक कोषको सञ्चित शुरुमा विनियोजन गरिएको रकममा ५०लाख (पचास लाख) नपुगे सम्म गाँउसभाले वार्षिक रुपमा रुपैंया पाँच लाख नघट्ने गरी रकम थप गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

६. स्थानीय तह आकस्मिक कोषको सञ्चालनःगाँउ कार्यपालिकाले  आवश्यक निर्णयहरु बनाई सञ्चालन गर्नु पर्नेछ।

७. स्थानीय तह आकस्मिक कोषको रकम खर्च गर्न सक्नेःवडाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले रु.२५ हजार (पच्चीस हजार) सम्म आकस्मिक कोषको खर्च गर्ने निर्णय गर्न सक्ने, उपप्रमुख वागाँउ प्रमुखले रु पचास हजार सम्म खर्च गर्ने निर्णय गर्न सक्नेछ र सो पचास हजार भन्दा बढि खर्च गर्न आवश्यक भएमा गाँउकार्यपालिकाद्धारा खर्च गर्ने निर्णय गर्नुपर्नेछ।

८. खर्चको रकम सोधभर्ना गर्नुपर्नेः दफा ७ बमोमिक खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नुपर्नेछ।

९. बाधा अड्काउ फुकाउने अधिकारः बाधा अड्काउ फुकाउने अधिकार गाँउ कार्यपालिकालाई हुनेछ।

च्चिचिला गाँउपालिका